# गौमुल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# घट्मुना, बाजुरा

**गाउँकार्यपालीकाको चौथो बैठकबाट पारित निर्णयहरु**

*निर्णय न. १ :* प्रत्यक वडाहरुमा एक सहकारी गठन गरि सहकारी मार्फत युवा स्वरोजगार कोष परिचालन गर्ने भनि प्रथम गाउँसभा बाट पारित नीति तथा कार्यक्रम अनुसार आगामी १५ दिन भित्र प्रत्येक वडासमितीको संयोजनमा बहुउदेश्यीय सहकारी गठन गरी सक्ने यदि हाल वडामा स्थापना भई सबै समुदाय तथा घरपरिवारलाई समेटी संचालनमा रहेका छन् भने त्यस्तो सहकारिलाई युवा स्वरोजगार कोष परिचालनको लागी वडा कार्यालयबाट गाउँपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

*निर्णय न. २ :* वर्षायाम अगाडी देखी सञ्चालनमा रहेको मार्तडी देखी गाउँपालीका केन्द्र घट्मुना सम्म सडक यातायात बर्षायाममा विग्री बाटो अवरोध भई संचालनमा आउन नसकेकाले तत्काल मर्मत गरी गौमुल बासीको यातायातको सुबिधालाई ध्यानमा राखी यथासक्य चाँडो गाउँपालिका आफैले मर्मत गरी बाटो खोल्नुपर्ने भएकोले उक्त बाटो ममैतका लगि सडक यातायात ममैत शीर्षक बाट रु १५०००००(पन्ध्र लाख मात्र) बजेट बिनियोजन गरियो । साथै उक्त खण्डमा फरक फरक प्रकृतिको काम सम्पन्न गर्नुपर्ने हुँदा प्रतिनिधी  तथा प्रदेश सभाको निर्वाचनलाई समेत ध्यानमा राखी छिटो छरितो सम्पन्न गर्नुपर्ने हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ बमोजिम यस सडक खण्डका अलग अलग प्रकृतिका कार्यलाई नियमावलीमा भएको व्यवस्था अनुकुल नै विभिन्न लागत स्टमेट तयार गरी निजी कम्पनी तथा फर्मलाई कोटेशन माग गरि प्रतिस्पर्धात्मक ढंगबाट कम लागतमा उक्त कार्य अगाडी बढाउने निर्णय गरियो ।

*निर्णय न. ३ :* गाउँपालीका भित्र निर्धारण गरिएका ७ ओटा सडकहरुको सर्बे डिजाइन कार्यलाई छिटो सम्पन्न गर्नका लागि कन्सल्टेन्सीहरु संग सिधै कोटेशन मार्फत कार्य गर्न खरिद समितीलाई जिम्मा दिने निर्णय गरियो ।

*निर्णय न. ४ :* हाम्रो गाउँपालिका भित्रका विभिन्न स्थानमा फलाम, ढुंगा, खरी आदिको सम्भावना रहेकाले यसको अध्यान तथा अनुसन्धनन कार्य संचालनका लगि विज्ञ परामर्श दाता संग कोटेशनमा कार्य संचालनमा लगि खरिद समितीलाई जिम्मा दिई छिटो सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो।

*निर्णय न. ५ :* गाउँपालिका भित्रका विभिन्न वडाहरुमा बालबालिकाहरु अवैध रुपमा जिल्ला बाहिर पठाई विचल्लीमा रहेको भन्ने राष्ट्रिय पत्रिकामा समाचार सम्प्रेषण भई राष्ट्रिय मानव अधिकार आयोगको समेत ध्यानाकर्षण भएको कुरा समेत जानकारीमा आएकोले बालबालिकाको बाल अधिकार गम्भीर उलङ्धन भएको यस कार्यको यथाशिघ्र चाँडो छानविन गर्ने खोजी गर्ने र उक्त

कार्यमा संलग्न ब्यक्ति पहिचान गरि कानुनी कारवाहीको दायरामा ल्याउने गरी एक तपसील बमोजिमको छानविन समिती गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : विरेन्द्र ब. रोकाया वडाअध्यक्ष वडा न. ४

२. सदस्य : गणेश ब. रोकाया वडाअध्यक्ष वडा न. ५

३. सदस्य : प्रकाश ब. रोकाया वडाअध्यक्ष वडा न. ६

४. सदस्य : कलक ब. सिंह वडासदस्य वडा न. ५

५. सदस्य : गणेश रोकाया गाउँपालिका कर्मचारी

*निर्णय न. ६ :* बर्षायाममा बाटो बिग्री हिडडुल गर्न कठिनाई भई मर्मत गर्नुपर्ने निम्नानुसारका बाटो तथा पुलहरुका लागि मर्मत शीर्षकबाट तपसीलको बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

क) सटेडा देखी भैरीसम्मको बाटो निर्माणको लागी रु २००००

ख) सियाढुंगा देखी माडीखोला पुल सम्मको बाटो निर्माणको लागि रु १००००

ग) आगरखोला काठेपुल निर्माण रु १५०००

*निर्णय न. ७ :* यस गाउँपालिका भित्र रहेका सामुदायिक स्वास्थ्य केन्द्रहरुमा उप प्रसुति केन्द्र आवश्यक भएकाले आवश्यक सहयोगका लागि जिल्ला स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य विभाग तथा स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै ओटिसी केन्द्र घट्मुनामा राख्ने निर्णय गरियो ।

*निर्णय न. ८ :* प्रथम गाउँसभाबाट पारित विधुत क्षेत्रको बजेटलाई तत् क्षेत्रमा छिटो संचालन गर्नुपर्ने भएकोले निम्नानुसारको बजेट तपसीलका आयोजनाहरुमा विनियोजन गरियो ।

१. नौमुल लघुजलविधुत आयोजना सर्वेक्षण रिपोर्ट रु. ३०००००

२. भाटिओडार ल. ज.वि आयोजना सर्वेक्षण रिपोर्ट रु. ३०००००

३. थारखोला पहिलो ल. ज.वि आयोजना मर्मत रु. १००००००

अन्य तपसीलका आयोजनाहरुको आवश्यकता तथा लागत स्टमेटका आधारमा अन्य रकम बिनियोजन गर्ने निर्णय गरियो ।

५. तुसारीगाड ल. ज.वि आयोजना रु.

६. सिमधारा ल. ज.वि आयोजना रु.

७. रौदागाड ल. ज.वि आयोजना रु.

***निर्णय न. ९ :*** माथि छलफल गर्दा गाउँपालिकाको भवन निर्माण कार्य अगाडी बढाउनु पर्ने र त्यसका लागि भवनको डिजाईन लागत स्टमेट तयार गर्नुपर्ने भएकाले यसका लागि गाउँपालिकाको भवन निर्माण शीर्षक बाट रु. ८०००००(अक्षरेपि रु. आठ लाख) डिजाईन स्टमेटमा खर्च गर्ने निर्णय गरियो ।